मिति २०७७।०४।११ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलाललगायत देहायका महानुभावहरुको उपस्थितिमा जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (DCCMC) भक्तपुरको २७ औं बैठक बसि देहाय अनुसार छलफल र निर्णय गरियो ।

उपस्थिति:

सल्लाहकार(DCCMC) - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति, भक्तपुर

जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का पदाधिकारिहरू:

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्नाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, वीरदल गण सूर्यविनायक ब्यारेक, भक्तपुर
४. प्रहरी उपरिक्षक श्री तारादेवी थापा, महानगरीय प्रहरी परिसर, भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण, भक्तपुर
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय, भक्तपुर
७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल, भक्तपुर
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय, भक्तपुर – स्थायी आमन्त्रित
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी, भक्तपुर – स्थायी आमन्त्रित

छलफलका विषयहरु

१. थुनुवाहरूको कोभिड-१९ परीक्षण सम्बन्धमा।
२. यातायात संचालन सम्बन्धमा।
३. विविध

निर्णय:

१. जिल्लास्थित महानगरीय प्रहरी परिसर र मातहतका कार्यालयहरूमा हिरासतमा राखिएका थुनुवाहरूलाई अदालतमा उपस्थित गराउदा अनिवार्य रुपमा PCR/RDT गर्नु पर्ने हुँदा कुनैपनि घटनामा जोडिएका अदालत उपस्थित गराउनु पर्ने थुनुवाको कोभिड-१९ परीक्षण गर्न आवश्यक सामग्री भक्तपुर अस्पताल(कोभिड-१९ हब अस्पताल) लाई उपलब्ध गराउन वा परीक्षणको व्यवस्था मिलाउन गृह मन्त्रालय मार्फत कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्रलाई अनुरोध गर्ने।
२. जिल्लाको जनजिवन सामान्य बन्दै गएको अबस्थामा भक्तपुर सूर्यविनायकसम्म सार्वजनिक सवारी साधन संचालनमा रहेकोले उक्त सवारी साधनको पहुँच भक्तपुरको पूर्वी नाका सूर्य मोडसम्म संचालन गर्न महानगरीय प्रहरी परिसर मार्फत ट्राफिक व्यवस्थापनमा असर नपर्ने गरी ट्राफिक कार्यालय भक्तपुर र यातायात व्यवसायीहरूलाई अनुरोध गर्ने।
३. कोभिड-१९ को संक्रमण दिन प्रतिदिन बढ्दै गइरहेको अबस्थामा सामाजिक दूरी, स्यानिटाइजर र मास्कको प्रयोग बढाउँदै दैनिक जिवन निर्वाह गर्न सचेतना अभियान संचालन, अनुगमन र कारवाही को लागि स्थानीय तह तथा सरोकारवाला निकायहरूलाई अनुरोध गर्ने।
४. स्थानीय तहहरूले संचालन गरेका क्वारेन्टाइन(होटल/स्थानीय/होम)हरूमा रहेका व्यक्तिहरूको कोभिड-१९ परीक्षण गर्ने व्यवस्था मिलाउने र सोको लगत जिल्ला स्थित कोभिड-१९ संक्रमण व्यवस्थापन संचालन केन्द्रमा उपलब्ध गराउन अनुरोध गर्ने।